# भाग ४

## श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

श्री ५ को सरकारले शाही नेपाली सेनाको पाल्पा व्यारेकले साविकदेखि अभ्यास तथा चाँदमारी कार्यका लागि प्रयोग गर्दै आएको पाल्पा जिल्लाको देहाय बमोजिमका गाउँ विकास समिति, वडा नं., चार किल्ला र क्षेत्रफलको इलाकामा अभ्यास तथा चाँदमारी कार्य सञ्चालय गर्दा स्थानीय जनताको सुरक्षाको लागि कम्तिमा ७ (सात) दिन अगाडि स्थानीय प्रशासन तथा सम्बन्धित गाउँ विकास समितिलाई सूचना गरी कार्य सञ्चालन गर्ने र अभ्यास तथा चाँदमारी कार्य नभएको समयमा साविकमा जस्तै स्थानीय जनताले उपभोग गर्न पाउने गरी उक्त क्षेत्रलाई अभ्यास तथा चाँदमारी क्षेत्र घोषणा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | स्थान र विवरण | अञ्चल | जिल्ला | गा.वि.स. वडा नं. | अभ्यास क्षेत्रको ४ किल्ला | | | | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १. | पाल्पा व्यारेक | लुम्बिनी | पाल्पा | बन्दिपोखरा, गा.वि.स. वडा नं. ५ र ६ (हाल तानसेन न.पा. वडा नं. १३) | जंगल, कि. नं. ५०५, २६१, ५२० को आवादी जग्गा | वडा नं. ८ को सीमाना र जंगल | जंगल | सडक | यति ४ किल्ला भित्रको अन्दाजी ३३५ रोपनी १४ आना वन जंगल इलाका |

आज्ञाले,
ताना गौतम
श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।